CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #४०

१८ ।३ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## विदेशमा रहेका श्रमिकको उद्दारमा ढिलाई किन ?

असार ११ सम्म स्वदेश फर्काउनु पर्ने
३० मुलुकबाट २४,१४८ जना

असार १४ गते सम्म स्वदेश फर्काईएका
२१ मुलुकबाट १२,१५१ जना

स्वदेश फर्काईएका शव
७ मुलुकबाट ५७ जना

अझै विदेशमा रहेका नेपालीका शव
१२०

वैदेशिक रोजगारी कल्याणकारी कोषमा जम्मा रकम
रु. ६ अर्ब

करार सकिनु भन्दा अगाडी कम्पनी बन्द भएकालाई नि:शुल्क उद्धार गर्नुपर्ने सर्वोच्चको अन्तरिम आदेश

सरकारले प्राथमिकताका आधारमा सार्वजनिक गरेको सूची मध्ये पनि हाल सम्म जम्मा आधा जती नेपाली नागरिकले मात्र स्वदेश आउन पाएका छन् । हावाई भाडा महंगो भयो भनेर पनि जताततै बिरोध भईरहेको छ । तर, आफ्नो खर्चमा स्वदेश फर्कन नसक्ने अवस्थामा अलपत्रमा परेकाहरु अझै मर्कामा छन् । श्रमिकले नै जम्मा गरेको वैदेशिक रोजगारी कल्याणकारी कोषमा ६ अर्ब रकम हुँदाहुदै विभिन्न बहानामा किन उनिहरुको उद्धार हुन ढिलाई भईरहेको छ ?

स्रोत: https://moless.gov.np https://mofaga.gov.np https://www.nayapatrikadaily.com

## नेपाल अपडेट



भेरी अस्पतालको प्रयोगशालामा कोरोनाको परीक्षण गर्दै स्वास्थ्यकर्मी

तस्बिर: नरेश श्रेष्ठ

**परिक्षण**

पिसिआर परिक्षण: २,३७,७६४
पोजेटिभ: १४,५१९
उपचाररत: ९,१६८
मृत्यु : ३१






accountabilitylab NEPAL

# हल्ला र तथ्य



कोरोना रोकथाममा भएको खर्चको विवरण स्थानीय सरकारसँग सूचनाको हकको निवेदन दिएर माग्दा पनि दिएको छैन । न त उसको वेवसाइटमा छ, कहाँ उजुरी गर्ने होला ?

यस सन्दर्भमा सार्वजनिक निकायले कोरोना भाईरसको संक्रमण, रोकथाम, नियन्त्राण, उपचार र राहतका लागि गरेको निर्णय, खरिद तथा वितरण सम्बन्धी सूचना सार्वजनिक गर्नु भनेर राष्ट्रिय सूचना आयोगले निर्देशन दिईसकेको छ । यदि सम्बन्धित निकायले नेपालको संविधानको धारा २७ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार सूचना माग गरिएको निवेदन उपर सुनुवाई गरेनन् भने सूचना उपलब्ध गराउने आदेश गरीपाउँ भनी राष्ट्रिय सूचना आयोगमा पुनरावेदनको लागि निवेदन दिन सकिन्छ । आयोगमा पुनरावेलनको ढाँचा यहाँ डाउनलोड गर्न सकिन्छ ।


स्रोत: https://nic.gov.np/mydata/164/1589890587.nepalgov_corona.pdf



सूदुरपश्चिममा बालबालिकामा कोरोनाको संक्रमण बढ्दो छ भनिन्छ । त्यसो हो भने त बालबालिकालाई जोगाउन गाह्रो हुने भयो ।

सूदुरपश्चिम प्रदेशमा १७५ जना ९ वर्ष मुनिका बालबालिकालाई कोरोनाको संक्रमण पुष्टि भएको छ । संक्रमण देखिएका प्राय सबै बालबालिका आफ्ना अभिभावकको साथमा भारतबाट आएका हुन् । बालबालिकाबाट संक्रमण फैलिने जोखिम बढी हुने भएकोले अभिभावक बढी सचेत हुनुपर्दछ । तर, आतिहाल्नुपर्ने अवस्था छैन ।

स्रोत: डा गुणराज अवस्थी, निर्देशक, सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय



श्रावण ७ गते सम्म लकडाउनको अहिलेकै मोडालिटी लागु हुने भनेको छ । फेरी SMS को पालनामा कडाई गर्ने रे । यो भनेको के हो ?

आम मानिसले सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना नगरेको गुनाशो बढेसंगै SMS को पालनामा कडाई गर्ने भनेको के हो । त्यो भनेको, S = Social Distancing (सबै किसिमका जमघटमा कम्तिमा २ मिटरको दुरी अनिवार्य रूपमा कायम गर्ने) M = Mask Use (घर बाहिर जाँदा सर्जिकल वा तिन तहको कपडाको मास्क प्रयोग अनिवार्य गर्ने) र S = Sanitize (सबै सार्वजनिक स्थल तथा कार्यालयहरूले आफ्नो परिसरमा हात धुने साबुन र पानी वा स्यानीटाईजरको अनिवार्य व्यवस्था मिलाउने र भवन प्रवेश गर्दा त्यसको प्रयोग गरेको सुनिश्चित गर्ने) हो ।

स्रोत: https://drive.google.com/file/d/1-plSOtgWXVRfH5bZTmZmPxvxNQFssQMh/view



वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका मृतकको शवहरु नेपाल ल्याउन सरकारले सहजिकरण गर्दैछ रे । के कोरोनाबाट मृत्यु भएका व्यक्तिको शव पनि नेपाल ल्याउन पाउने हो ?

वैदेशिक रोजगारीको क्रममा कोरोना बाहेक अन्य कारणले मृत्यु भएका व्यक्तिहरुको शव मात्र अन्तरराष्ट्रिय उडान हुने समयमा नेपाल ल्याउने काम भईरहेको छ । वैदेशिक रोजगारीकै क्रममा कोरोनाबाट मृत्यु भएका नेपालीको शव सम्बन्धित देशमै नियम अनुसार सदगद गर्ने र सो गर्नको लागि नजिकको नातेदार वा जिम्मेवार व्यक्तिलाई नियम अनुसार वैदेशिक रोजगार बोर्डले सहुलियत उपलब्ध गराउने भनेर यस अघी नै जानकारी गराई सकेको छ ।

स्रोत: https://www.facebook.com/photo?fbid=342009510096563&set=a.111383046492545

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्






**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | १,९४,२२५ | ४६,९४० | २७,४१४ | ९७,००३ | ४९,०६९ | ४२,५५५ | ८,६४३ | १२,९०४ |
| नेपाली संक्रमित | १,६५० | ७५० | ४५१ | १८,००० | १,६०० | | ८९ | |
| मृत्यु भएका नेपाली | ९ | ३ | ३ | ७ | १९ | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal** विभिन्न देशमा रहनुभएका श्रमिकहरुको लागि उपयोगी जानकारी

### यू.ए.ई.

नेपाली दुतावासले घर फर्किने १५,३०५ जनाको नाम सार्वजनिक गरेको छ । यू.ए.ई. बाट उडान हुने ४ वटा जहाज मध्ये आफूलाई पायक पर्ने मिति र जहाजको टिकट काट्न खुला गरिएको छ ।

### कुवेत

१. नेपाली दुतावासले चार्टर उडान मार्फत नेपाल फर्किन चहानेहरुको नाम सार्वजनिक गरेको छ ।

२. दोश्रो चरणको लकडाउन खुकुलो पारिएको छ । जुन ३० देखी नै लागू हुने गरी कर्फ्यूको समय बेलुका ८ बजे देखी बिहान ५ बजे सम्म बनाईएको छ ।

### साउदी अरब

एयरपोर्टमा जाँदा अपनाउनु पर्ने सावधानिको बारेमा कन्सुलेट बिभागले श्रमिकको सहजताको लागि निकालेको सूचना

साथमा लैजानुपर्ने कागजात :

१. राहदानी

२. हवाइटिकटको प्रिन्ट वा मोवाइल सफ्ट कपि

३. कोरोना परीक्षणको सर्टिफिकेट

४. बहिर्गमनको कागजात

विमानस्थल जाँदा मास्क, ग्लोव लगाउनुका साथै सामाजिक दुरी कायम गर्नु अनिवार्य हुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्ब ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्ब ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्ब १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार


| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## जम्मा बजेटको तुलनामा प्रदेशगत सामाजिक विकास मन्त्रालयको बजेटको प्रतिशत, यसको बृद्धि दर र स्वास्थ्य क्षेत्रमा गरेको खर्चको प्रतिशत

जम्मा बजेट मध्ये स्वास्थ्य क्षेत्रमा गरेको खर्च


जम्मा बजेट मध्ये सामाजिक विकास मन्त्रालयको बजेट प्रतिशत

अघिल्लो वर्ष भन्दा यस वर्ष सामाजिक विकास मन्त्रालयको बजेटमा भएको बृद्धि प्रतिशत



# $ फलो द मनी - खर्चको अर्थ

## चालु  आर्थिक वर्ष र आगामी आर्थिक वर्षमा प्रदेशगत सामाजिक विकास मन्त्रालयको जम्मा बजेट मध्ये पुजिगत खर्च




सबै प्रदेशहरुले सामाजिक विकास मन्त्रालयको बजेटमा बृद्धि गरेकाछन् । किन भने, स्वास्थ्य सम्बन्धी हरेक खर्चहरु यसै मन्त्रालयको शिर्षक अन्तरगत पर्दछन् । प्रदेश नं. २ र कर्णाली प्रदेशले यो मन्त्रालयमा १००% ले बजेट बृद्धि गरेकाछन् । तर, कुल बजेट मध्ये स्वास्थ्य क्षेत्रको लगानी भने अझै अन्य क्षेत्र भन्दा थोरै छ । औसतमा, प्रदेश सरकारले जम्मा ५% रकम मात्र स्वास्थ्य क्षेत्रमा छुट्याएकाछन्, जसले अहिलेको अवस्थालाई सुधार गर्न सक्दैन । तसर्थ, सामाजिक विकास मन्त्रालयको बजेटमा प्रयाप्त वृद्धि भएको छ, यद्यपी यि प्रदेशमा स्वास्थ्य विकासमा छुट्याईएको बजेटले स्वास्थ्य क्षेत्रमा सुधारको सुनिश्चितता गर्दैन ।


अझै भन्नुपर्दा, सामाजिक विकास मन्त्रालयको चालु खर्च भन्दा पुँजिगत खर्च बढाउन आवश्यक छ, तर प्राय सबै प्रदेशले त्यसो गर्न सकेका छैनन् । यस सन्दर्भमा प्रदेश नं. २ को बृद्धि दर धेरै छ ( आ.वा २०७६/२०७७ को  भन्दा २३%), जहाँ कर्णाली प्रदेशमा बृद्धि दर स्पष्ट रुपमा घटेको छ । कोरोना भाईरसको संक्रमण यतिकै रोकिने देखिदैन, यसले अझै विकराल स्थिती सृजना गर्न सक्ने कुरालाई मध्येनजर गर्ने हो भने, यसले प्रदेश सरकारलाई अप्ठेरो परिस्थितिमा पुऱ्याउने छ । अहिले पुँजिगत खर्चमा बृद्धि गर्नु एकदमै आवश्यक छ । त्यसैले, सरकारले बजेट बिनियोजन गर्नुपूर्व खस्किदै गरेको स्वास्थ्य प्रणालीलाई ध्यान दिनुपर्दछ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।


accountabilitylab NEPAL

# महामारीको समयमा महिनावारी र महिलाको स्वास्थ्यको व्यवस्थापन

विश्वभरी दैनिक ३० करोड महिला र किशोरी महिनावारी हुन्छन् । कोभिड - १९ को महामारी र सरकारले गरेको लकडाउनका कारण महिनावारी हुने महिला तथा किशोरीहरू बढी प्रभावित भएकाछन् । उनिहरूलाई महिनावारीको समयमा आवश्यक स्वास्थ्य सामाग्री र अन्य सुविधा पाउन गाह्रो भईरहेको छ । त्यसै गरेर, क्वारेन्टाईनमा आवश्यक स्वास्थ्य सेवा र महिलामैत्री शौचालय नहुँदा अझै समस्या थपिएको छ । यद्यपी सरकारले क्वारेन्टाईन र त्यहाँको सेवा सुदृढ गर्न बजेट बिनियोजन गरेको छ, तर महिलाको मासिक स्वास्थ्य स्वच्छता र सरसफाईका उपकरणको बारेमा कुनै विशेष व्यवस्था गरेको देखिदैन । हरेक दिन संक्रमितको संख्या बढेसंगै सुरक्षित क्वारेन्टाईन र आईसोलेशनको आवश्यकता पनि त्यतिकै बढेर गएको छ । WASH को सुविधासंगै मासिक स्च्छता र सरसफाई सामाग्रीको व्यवस्था गर्नु पनि उतिकै महत्वपूर्ण हुन्छ ।




## मासिक स्वास्थ्य स्वच्छता सामाग्री वितरण




केही रिपोर्टहरूलाई आधार मान्ने हो भने, महामारीको समयमा जोखिम युक्त र सिमान्तकृत समुदायका महिलाहरूकोको लागि महिनावारी सम्बन्धी र व्यक्तिगत स्वास्थ्य भन्दा अन्य आवश्यकताहरू प्राथमिकतामा पर्ने देखिएको छ । उनिहरू असुरक्षित विकल्पहरू प्रयोग गर्न बाध्य भएका कारण भविश्यमा उनिहरुको स्वास्थ्य जोखिममा पर्न सक्छ । यसका लागि स्थानीय सरकारले छुट्टै बजेट नै छुट्याउनु पर्दछ । ति समुदायमा नि:शुल्क मासिक स्वच्छता सामाग्री वितरण गार्नुपर्दछ, यसले उनिहरुको मासिक स्वास्थ्य सामाग्रीको उपलब्धता सुनिश्चित मात्र गर्दैन, बरु त्यसले उनिहरूलाई आफ्नो महिनावारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित गर्न मद्दत पुर्‍याउछ।

## क्वारेन्टाईन र आईसोलेशन केन्द्रमा महिलामैत्री शौचालय

हरेक दिन संक्रमितको संख्या बढ्दै जाँदा, सुरक्षित क्वारेन्टाईन र आईसोलेशनको आवश्यकता पनि बढ्दै गईरहेको छ । ति केन्द्रहरूमा सफा पानी र साबुनसंगै सरकारले महिला मैत्री शौचालय (भित्रबाट राम्रोसंग चुकुल लाग्ने पूर्ण सुरक्षित, महिनावारीको समयमा आवश्यक पर्ने स्वास्थ्य सामाग्री र फोहोर व्यवस्थापन गर्न डस्टविन)पनि बनाउनु पर्दछ । यसले गर्दा यदि कुनै महिला वा किशोरी क्वारेन्टाईनमा महिनावारी भएमा उनिहरुले सुरक्षित र मर्यादित तरिकाले अभ्यास र व्यवस्थापन गर्न सक्छन् ।



## महिनावारीको बारेमा शिक्षा, जानकारी र सचेतना दिने



दुर्भाग्यवस्, हाल कोभिड - १९ बाट अति प्रभावित ठाउँहरू नेपालका महिनावारीलाई द्वेसको रुपमा अभ्यास गर्ने क्षेत्रहरू पर्दछन् । यसको रोकथामको उपायको बारेमा सचेतना फैलाउन एकदमै महत्वपूर्ण छ र यसतो कुप्रथाको विरुद्धमा स्थानीय र केन्द्र स्तरबाटै हस्तक्षेप हुन पनि त्यतिकै महत्वपूर्ण छ । साथसाथै सरकारले विद्यालयको पाठ्यक्रम, रेडियो र टेलिभिजन कार्यक्रमको माध्यमबाट पनि महिनावारी सम्बन्धी जनचेतना फैलाउन सक्छ ।

**सुमी लिम्बु**

महिला अधिकार अभियन्ता

# फ्रन्टलाईनर्स भोईसेस्



## सुशिला मिश्र भट्ट

उप- प्रमुख

धनगढी उप-महानगरपालिका

"कोभिड - १९ न्युनिकरण गर्ने, विदेशबाट आएका व्यक्तिहरूलाई पुनर्स्थापन गर्ने, उनिहरूलाई श्रम र आयआर्जनसंग जोडने, गर्भवती, अपांग भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकलाई तोकिएको मापदण्ड अनुसार राहत वितरण गर्ने गरी रणनीतिक नीति तथा कार्यक्रम ल्याउनु स्थानीय सरकारको अबको आवश्यकता हो ।"

## लक्ष्मी गौतम

उप- प्रमुख

ईटहरी उप-महानगरपालिका

"संघिय सरकारले क्वारेन्टाईन बनाउ त भन्यो तर सामाग्रीको जोहो गर्नु चुनौतिपूर्ण थियो । निजि अस्पतालले पछि फिर्ता गर्ने सर्तमा बेड दिए, व्यवसायी र स्थानीय नागरिकले अन्य सहयोग गरे । सरकारले तोकेको पुरै मापदण्ड पालना गरी १०० बेडको क्वारेन्टाईन निर्माण गर्न सफल भयौं ।"






## उमा थापा मगर

उप- प्रमुख


नेपालगञ्ज उप-महानगरपालिका

"स्थानीय तहले तत्काल संक्रमितको व्यवस्थापन गर्ने र त्यसको लागि संरचना निर्माण गर्नुपर्ने चुनौती थियो । जबकी, थुप्रै निर्देकिाहरु त्यस पश्चात मात्र निर्माण भए । तर, जनप्रतिनिधिले संयम् अपनाएर तत्काल निर्णय लिँदा आज सम्भावित संक्रमणको फैलावट रोकिएको छ । यसले, संकटको बेला सरकार साथमा छ भन्ने अनुभुती जनतालाई भएको छ ।"

सही सूचना

# नेपालमा कोभिड - १९ को संक्रमण कहिले नियन्त्रण होला ? सिमा जोडिएका देशहरूको अवस्थालाई हेर्दा:

## सार्क राष्ट्रहरूमा कोभिड - १९ को अवस्था




माथिको ग्राफले सार्क राष्ट्रहरूमा कोभिड - १९ बाट संक्रमितको तथ्यांक देखाउँछ । अहिले सम्म सार्क राष्ट्रमा करिब १० लाख व्यक्तिमा संक्रमण पुष्टि भएको छ, जहाँ जम्मा संक्रमित मध्ये भारतमा मात्र संक्रमितको संख्या आधा जती छ । संक्रमितको संख्याको हिसावले नेपाल पाँचौ स्थानमा छ भने, संक्रमणबाट थोरै मृत्यु हुनेहरूको संख्या हेर्ने हो भने, भुटान, माल्दिभ्स् र श्रीलंका पछि आउँछ । नेपालको भारतिय सिमासंग निकट सम्बन्ध छ, जहाँ दैनिक संक्रमितको संख्या तिव्र गतिमा बढिरहेको छ र धेरै व्यक्तिहरु अन्य छिमेकी राष्ट्रहरूबाट पनि नेपाल आईरहेका छन् । यसरी हेर्दा सबै छिमेकी सार्क राष्ट्रहरूमा कोभिड - १९ को नियन्त्रण नहुँदा सम्म नेपालमा यसको रोकथाम तथा नियन्त्रण गर्न कठिन छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219